## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मिति २०७८/१२/१३ — वैठक संख्याः ८६

आज मिति २०७८/१२/१३ गते दिनको १:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँ कार्यपालिकाको वैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णयहरु गरियो ।

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| १) श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ८) श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| ९) श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| १०) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ११) श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १२) श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १३) श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०७८/१२/१३ वैठक संख्या ८६

**प्रस्तावहरुः**

१. समिक्षाः
२. माटो उत्खनन IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
३. सम्परिक्षण सम्बन्धमा ।
४. मृगौला पिडितलाई राहत सम्बन्धमा ।
५. साउने कर्ताप सडक निर्माण गर्न रकम माग सम्बन्धमा ।
६. भूमिहिन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन सम्बन्धमा ।
७. भूमि तथ्यांक संकलन सम्बन्धमा ।
८. सेती भतेरीबाट पुलतिर आउने बाटोमा कजवे निर्माण सम्बन्धमा ।
९. आवासीय तथा घनावस्ती क्षेत्र तोक्ने सम्बन्धमा ।
१०. दासढुङ्गा पुल नजिक माथिल्लो पिच बाटो घुम्तिमा सडक मर्मत सम्बन्धमा ।
११. अन्तर सरकारी वित्त हस्तान्तरणका लागि आयोजना प्रस्ताव सम्बन्धमा ।
१२. सुन्तला लिची पकेट क्षेत्र कार्यक्रम सम्बन्धमा ।
१३. गाउँपालिका प्रशासकीय भवन निर्माणको लागि बजेट माग सम्बन्धमा ।
१४. जाँचबुझ तथा छानबिन समिति गठन सम्बन्धमा ।
१५. जलविद्युत उद्योग सम्बन्धमा ।
१६. "घ" वर्ग निर्माण इजाजतपत्र दिने सम्बन्धमा ।
१७. अपाङ्ग व्यक्तिलाई प्रोत्साहन रकम दिने सम्बन्धमा ।
१८. मतदान केन्द्र दुरुस्त राख्ने सम्बन्धमा ।
१९. सरसफाई स्वयंसेवक सम्झौता भङ्ग गर्ने सम्बन्धमा ।
२०. जनचेतना आ.वि., देवघाट – १ बसेनीटारमा इष्टिमेट बमोजिमको जस्तापाता उपलब्ध गराउने सम्बन्धमा ।
२१. भुवनटार कुलो मर्मत गर्ने सम्बन्धमा ।
२२. वडा नं. १ र ५ को वडा कार्यालय भवन निर्माण गर्न जि.स.स.तनहुँमा रकम माग गर्ने सम्बन्धमा ।
२३. वडा नं. ५ को वडा कार्यालय निर्माण सम्बन्धमा ।
२४. देवघाट गाउँपालिका स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि, २०७८ स्वीकृत सम्बन्धमा ।
२५. वडा नं. २ र ४ को कार्यालय भवन निर्माणको बाँकी रकम माग गर्ने सम्बन्धमा ।
२६. भृकुटी मार्ग मर्मत सम्बन्धमा ।

**निर्णयहरुः**

१. यस अघिका वैठकको निर्णयको प्रगति समीक्षा गरियो । साथै दोस्रो चौमासिक प्रगति समीक्षा गरियो । सरकारी सार्वजनिक जग्गाको अभिलेख वडाबाट माग गरिएको तर हालसम्म पनि प्राप्त नभएको,

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

वडा कार्यालय भवन निर्माण शिलान्यास कार्यक्रम गर्ने र देवघाट सामुदायिक विकास केन्द्रको नाममा बाल भवन भएको निवेदन प्राप्त भएको विषयमा समीक्षा गरियो ।

२. माटो उत्खनन IEE स्वीकृत सम्बन्धमा छलफल गरियो र गैंडाकोट ५ नवलपरासीको गैंडाकोट विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. ले पेश गरेको र प्राविधिक समितिले सिफारिस गरेको माटो, ढुङ्गा उत्खनन कामको IEE प्रतिवेदन स्वीकृत गरियो ।

३. आ.व. २०७७/०७८ को म.ले.प. भई पेश भएको प्रतिवेदन माथि छलफल गरियो र तपसिल अनुसारका व्यहोरा माथि छलफल गरी नियमित गर्ने निर्णय गरियो ।

तपसिल:

नियमित गर्नुपर्ने दफाहरु:

क) दफा १४ स्वीकृत दरबन्दी बेगरको करार सम्झौता

| | | |
|---|---|---|
| • प्रेस सल्लाहकार | रु. १३,५००/- | रु. १,६२,०००/- |
| • पशुपंक्षी अनुसन्धान केन्द्र | रु. १०,०००/- | रु. १,२०,०००/- |
| • कृषि अनुसन्धान केन्द्र | रु. ९,०००/- | रु. १,०८,०००/- |

ख) दफा १९ विनियोजन भन्दा बढी खर्च आ.व. २०७७ मंसिर कृषि महोत्सव विनियोजन रकम रु. ३,००,०००/- खर्च रकम रु. १३,०३,७३२/-

ग) दफा २१.४ कोभि – १९ संक्रमण उपचारमा संलग्न कर्मचारीहरुलाई तलव स्केलको ५०% को दरले भुक्तानी भएको ९ महिनाको भुक्तानी रकम रु. ५,७०,५५५/- (श्री प्रदिप कुमार बुढाथोकी, श्री जिवन गुरुङ, श्री हेमनाथ कँडेल र श्री सरस्वती राना)

घ) दफा २५ आर्थिक सहायता रु. २,६८,६००/-

ङ) दफा २८.१ लागत साझेदारीमा तरकारी तथा फलफूल खेती (MRC) रु. १४,००,०००/-

च) दफा २८.२ क्षेत्राधिकार बाहिर दायित्व श्रृजना गरी पेशकी भुक्तानी रु. २५,००,०००/- (पच्चिस लाख) (हेफर)

छ) दफा ३० गत वर्षको भुक्तानी रु. ८,०३,२४०/-

ज) दफा ३८ (मेड्पा) करार कर्मचारीहरुको महङ्गी भत्ता रु. २४,०००/-

४. तपसिल अनुसारका व्यक्तिलाई आर्थिक सहयोग दिने निर्णय गरियो ।

क) मृगौला रोगी मन कुमारी योगजाली (देवघाट – ५, तनहुँ) लाई रु. १५,०००/- (पन्ध्र हजार) आर्थिक सहयोग गर्ने ।

ख) मृगौला रोगी कुल माया गुरुङ (देवघाट – ५, तनहुँ) लाई रु. १५,०००/- (पन्ध्र हजार) आर्थिक सहयोग गर्ने ।

५. साउने-कर्तापे मोटर बाटो निर्माणको लागि प्रदेश सरकारबाट सशर्त रु. १,००,००,०००/- (एक करोड) प्राप्त भएकोमा टेण्डर भई बाटो निर्माणाधिन रहेको तर उक्त रकमबाट बाटोको ट्र्याक नखुल्ने र बाटो स्तरोन्नती हुन नसकी गाडी चल्न सक्ने अवस्था नहुने हुँदा नयाँ ट्र्याक खोल्न सडक स्तरोन्नती गर्न थप रु. १,००,००,०००/- (एक करोड) यसै आ.व. २०७८/०७९ मा उपलब्ध गराईदिन प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

६. यस अघी गठन भएको भूमिहिन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति निरन्तरता दिने निर्णय गरियो ।

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

७. भूमिहिन तथा अव्यवस्थित बसोबासीको तथ्यांक प्रविष्ठी कार्य अगाडी बढाउने र प्रविष्ठीको लागि प्रति फाराम रु. ४०/- (चालिस) भुक्तानी दिने निर्णय गरियो ।

८. सेती भतेरीबाट झोलुङ्गे पुलतिर आउने बाटोमा कजवे निर्माण गर्ने निर्णय गरियो ।

९. देवघाट गाउँपालिका वडा नं. ५ लाई आवासीय तथा घनावस्ती क्षेत्र तोक्ने निर्णय गरियो । साथै वडा कार्यालयले आवासिय क्षेत्र भनि सिफारिस गरेको जग्गाको कित्ताकाँट गर्न मालपोत तथा नापी कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

१०. दासढुङ्गा पुल नजिक माथिल्लो पिच बाटो घुम्तिमा मर्मत वा भैपरी शिर्षकबाट मर्मत गर्ने निर्णय गरियो ।

११. अन्तर सरकारी वित्त हस्तान्तरणका लागि तपसिल अनुसारका आयोजना प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिल:

क) विशेष अनुदान:
   १) साउने कर्ताप सडक नयाँ ट्र्याक र स्तरोन्नती
   २) गाईघाट-सिंच्याङ्ग-छिपछिपे-सानुभञ्ज्याङ्ग सडक स्तरोन्नती
   ३) शालिग्राम करिडोर स्तरोन्नती

ख) समपुरक अनुदान:
   १) घिनाटार टाउनचोक देउपुर सडक कालोपत्रे (पिच)
   २) १ र ५ वडा कार्यालय भवन निर्माण

ग) सशर्त अनुदान
   १) खाल्टे मास्दीघाट मोटर मार्ग स्तरोन्नती

१२. प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत गत वर्षको कार्यक्रमलाई निरन्तरता दिने सम्बन्धमा गत वर्ष सञ्चालन भएको वडा नं. ५ मा लिची पकेट क्षेत्रलाई रु. ४,००,०००/- (चार लाख) र सुन्तला पकेट क्षेत्रलाई रु. ८,००,०००/- (आठ लाख) खर्च गर्ने निर्णय गरियो ।

१३. गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि यस अघि संघीय सरकार सम्बन्धित निकायमा बजेट माग गरिएको तर हालसम्म प्राप्त नभएको भवन निर्माणको धेरैजसो प्रगती भएको सम्पन्न गर्न रकम अभाव भएकोले गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि बजेट माग गरी संघीय सरकारमा लेखि पठाउने निर्णय गरियो ।

१४. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, जिल्ला प्रशासन कार्यालय लगायत अन्य निकायबाट उजुरीमाथि जाँचबुझ तथा छानबिनको लागि प्राप्त भएमा (गाउँपालिकाका जनप्रतिनिधि र गाउँपालिकाको कार्यालयका कर्मचारी बाहेक) सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा वडा सदस्यहरु रहेको समिति गठन गरी जाँचबुझ र छानबिन गरी प्रतिवेदन गाउँपालिकामा पेश गर्ने निर्णय गरियो । समिति गठन गरी छानबिन गर्न गाउँपालिका अध्यक्षले आदेश दिने निर्णय गरियो ।

१५. सेतीखोला हाइड्रोपावर (जलविद्युत) प्रा.लि. जलविद्युत उत्पादन गर्ने उद्योग भएको पाइयो । साथै उक्त प्रा.लि.ले देवघाट क्षेत्रमा जग्गा खरिद गरेमा गण्डकी प्रदेश सरकार आर्थिक ऐन २०७८ को अनुसूची – १ (ग) (२) अनुसार रजिष्ट्रेशन शुल्क छुटको लागि सम्बन्धित निकायमा सिफारिस दिने निर्णय गरियो ।

१६. "घ" वर्ग निर्माण इजाजत दिने सम्बन्धमा तपसिल अनुसारका निर्णयहरु गरियो ।

बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७२

क) वडा नं. ५ दुर्गालाल गुरुङको नाममा दर्ता भएको लक्की साइना बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.लाई "घ" वर्गको निर्माण इजाजत दिइएकोमा त्यसलाई अनुमोदन गरियो ।

ख) वडा नं. ४ सुजन गुरुङको नाममा दर्ता भएको आर्सु कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई "घ" वर्ग निर्माण इजाजत दिने निर्णय गरियो ।

ग) देवघाट – ५ निशान श्रेष्ठको नाममा दर्ता भएको शजअरो कन्स्ट्रक्सन प्रा.लि.लाई नियमानुसारको शुल्क र रु. १,०००/- जरिवाना लिई नविकरण गर्ने निर्णय गरियो ।

घ) देवघाट – ५ शुकुलाल गुरुङको नाममा दर्ता रहेको मुण्डकाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स, देवघाट – ५ तनहुँलाई रु. ५००/- जरिवाना गरी नविकरण गर्ने निर्णय गरियो ।

१७. यस आ.व. मा अपाङ्ग शिर्षकमा विनियोजन भएको रकमबाट "ग" र "घ" वर्गका अपाङ्गलाई कृषि कार्य गर्नका लागि प्रोत्साहन स्वरुप प्रति व्यक्ति रु. ३,०००/- (तिन हजार) नगद रकम भुक्तानी दिने निर्णय गरियो ।

१८. वडा कार्यालयहरुले स्थानीय तह निर्वाचनको लागि तोकिएका मतदान केन्द्रहरुमा बत्ति, पानी, शौचालय, मैदान चुस्त दुरुस्त राख्ने साथै गणेश आ.वि. (१-५) देवघाट – १ जामुनेमा माटो थुप्रिएकोमा सफाई गर्न इष्टिमेट अनुसारको रकम विद्यालयलाई भुक्तानी दिने निर्णय गरियो ।

१९. पूर्ण सरसफाई कार्यक्रम अन्तर्गत स्वयंसेवकलाई २०७८ माघ, फाल्गुण र चैत्र महिनाको सम्झौता रकम भुक्तानी दिने र सम्झौता भंग गर्ने निर्णय गरियो ।

२०. जनचेतना आ.वि., देवघाट – १ बसेनीटारको भवन जस्तापाताले छाउनको लागि इष्टिमेट अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

२१. त्रिशुली नदी भुवनटारघाट नजिक रहेको कुलो नदीजन्य पदार्थ ओसार-पसार गर्ने क्रममा भत्किएकोले भैपरी शिर्षकबाट रु. ५,००,०००/- (पाँच लाख रुपैया) मर्मतको लागि भुक्तानी दिने निर्णय गरियो ।

२२. वडा नं. १ र ५ को वडा कार्यालय भवन निर्माण गर्नको लागि जिल्ला समन्वय समितिको कार्यालयमा रकम माग गर्ने निर्णय गरियो ।

२३. वडा नं. ५ को धिनाटारमा रहेको श्री चक्रवर्ती आधारभुत विद्यालय क्षेत्रको पूर्व तिरको जग्गामा वडा नं. ५ को कार्यालय भवन निर्माण गर्ने निर्णय गरियो साथै भवन निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

२४. देवघाट गाउँपालिका स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

२५. देवघाट गाउँपालिका वडा नं. २ र ४ को वडा कार्यालय भवन निर्माणको काम सम्पन्न भएको छ । उक्त भवन निर्माणको लागि जिल्ला समन्वय समितिबाट रु. २४,००,०००.०० (चौबिस लाख) प्राप्त हुन बाँकी रहेकोले उक्त रकम उपलब्ध गराइदिन जिल्ला समन्वय समितिको कार्यालय अनुरोध गर्ने निर्णय गरियो ।

२६. वडा नं. ३ भृकुटी मार्ग मर्मत सम्भारको लागि रु. ६०,०००.०० (साठी हजार रुपैया) मर्मत शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

दुर्ग बहादुर थापा
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत